# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षण

https://doi.org/10.3126/tej.v11i1.54446

**महेशप्रसाद भट्ट**
bhattmpb@gmail.com

**कृष्णप्रसाद पोखरेल**
pokhrelkp70@gmail.com

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 20th December, 2022 | 22nd January, 2023 | 5th February, 2023 |

## लेखसार

प्रस्तुत लेख विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि क्षमताको परीक्षणमा केन्द्रित छ । यस लेखमा माध्यमिक तह अन्तर्गत मूलतः कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ क्षमताको परीक्षण गरी सिकाइ उपलब्धिको विश्लेषणसमेत गरिएको छ। प्रस्तुत लेखको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ क्षमता पत्ता लगाउनु रहेको छ। यस लेखको तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ। यसमा स्थलगत अध्ययन पद्धतिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस लेखको तयारीका क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । भाषा सिकाइ क्षमता सम्बन्धी जम्मा १६ पूर्णाङ्कको प्रश्नावली निर्माण गरी सामुदायिक र संस्थागत गरी चार विद्यालयका जम्मा ८० जना विद्यार्थीमा निर्मित प्रश्नावली परीक्षण गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा विद्यार्थीहरूमा भाषा सिकाइ उपलब्धि (भाषातत्त्व पहिचान, प्रयोग र पठनबोध) क्षमता मध्यम खालको रहेको निष्कर्ष प्राप्त भएको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषयमा सरोकार राख्नेहरूलाई नीतिगत तथा प्रयोगात्मक तहमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**मुख्य शब्दावली** : भाषा संरचना, भाषा सिकाइ क्षमता, माध्यमिक शिक्षा, संज्ञानात्मक क्षेत्र, मनोक्रियात्मक क्षेत्र ।

## विषय प्रवेश

भाषा सिकाइ भाषिक सिपहरूको सिकाइ हो । यो निर्दिष्ट विधाका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरूको सिकाइ हो । यसले भाषा सिकारूमा विकास हुने कथ्य र लेख्य भाषिक सम्प्रेषण क्षमताको विकासलाई सङ्केत गर्छ । भाषा सिकाइ क्रममा भाषा संरचना, व्याकरणिक विषय, वर्तनी तथा शब्दभण्डार जस्ता विषय अभिन्न अङ्गका रूपमा रहन्छन् । यस सन्दर्भमा विधागत पाठहरूको भूमिका अतीव विशिष्ट रहन्छ । भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा उपर्युक्त किसिमका भाषिक संरचनालाई स्वतन्त्र रूपमा नभई पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्नु पर्दछ (माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८. पृ.३४) । भाषा सिकाइका लागि विधागत पाठहरूको भूमिका विशेष रहन्छ । भाषा सिकाइ सिर्जनात्मक, रचनात्मक तथा आलोचनात्मक तरिकाले गर्नु वैज्ञानिक र व्यावहारिक ठहरिन्छ । मूलतः भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटै बोधाभिव्यक्तिमूलक सिपहरूलाई केन्द्रमा राखेर भाषा सिकाइ प्रक्रियालाई अगाडि बढाउन पर्दछ । यसरी शिक्षण गराउँदा भाषा सिकाइ क्षमता अभिवृद्धि हुन्छ ।

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ अन्तर्गतको नेपाली भाषाको पाठ्यक्रम परिष्कृत, परिमार्जित र परिवर्तित पाठ्यक्रम हो । यो पाठ्यक्रम भाषिक सिपगत सक्षमतामा आधारित छ । यसमा प्रस्तुत सक्षमताहरू भाषाका चार सिप किंवा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपगत सक्षमतामा आधारित छन् । यसमा उक्त सिप

विकासका लागि विभिन्न विधागत पाठहरू राखिएको छ । विधागत पाठहरूले विशेषतः सिकारूमा बोध तथा अभिव्यक्तिका साथै भाषा संरचना र त्यसको प्रयोग सम्बन्धी अवधारणाको विकास गराउन मद्दत पुऱ्याउने ठानिएको छ । विद्यार्थीहरूलाई शुद्ध भाषाको प्रयोगप्रति अभिप्रेरित गराउने तथा उनीहरूलाई स्तरीय मानक नेपाली सिकाउने ध्येय राखिएको पाइन्छ । यस पाठ्यक्रमले विद्यार्थीहरूको भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग पुऱ्याउने पनि ठानिएको छ । यसक्रममा भाषा संरचनालाई स्वतन्त्र रूपमा नभई पाठका आधारमा शिक्षण र मूल्याङ्कन गर्नु पर्ने कुरामा जोड दिइएको छ । माध्यमिक तह (कक्षा नौ) देखि नै विद्यार्थीहरूमा भाषिक सीपका साथै भाषा संरचनागत तत्त्वको ज्ञान, साझ, पहिचान र प्रयोग गर्न सक्ने क्षमता विकास गराउन सके माथिल्लो तहमा भाषा सिकाइका अपेक्षित उद्देश्य हासिल गर्न सहज हुन्छ । प्रस्तुत लेख माध्यमिक तह अन्तर्गत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ क्षमता के कस्तो रहेको छ, त्यसको परीक्षण र विश्लेषणमा केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ क्षमता परीक्षण गर्नु रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन तथा रिक्तता पहिचान

भाषा सिकाइ क्षमता र भाषा संरचना क्षमतासँग सम्बन्धित रहेर निर्दिष्ट अध्ययन पूर्व केही सैद्धान्तिक र प्रायो गिक कार्यहरू सम्पन्न भएका छन् । शर्मा (२०६१) द्वारा प्रज्ञा नेपाली सन्दर्भ व्याकरण नामक पुस्तक प्रकाशन गरि एको छ ।

उक्त पुस्तकमा शब्दभण्डार तथा भाषासंरचना अन्तर्गत शब्दवर्ग, काल, पक्ष, भाव, वाच्य, कारक र विभक्ति, सङ्गति लगायतका व्याकरणिक पक्षबारे सोदाहरण चर्चा गरिएको छ। त्यसैगरी अधिकारी (२०७६) द्वारा समसामयिक नेपाली व्याकरण नामक पुस्तक प्रकाशन गरिएको छ। यसमा शब्दवर्ग, सङ्गति शीर्षक अन्तर्गत लिङ्ग, वचन, पुरूष, आदर र काल, पक्ष, र भाव, वाच्य, वाक्य, अकरण आदिको बारेमा चर्चा गरिएको छ। त्यसैगरी पौडेल, भट्टराई र चौलागाईँ (२०७७) द्वारा प्रज्ञा नेपाली शैक्षणिक व्याकरण नामक पुस्तक प्रकाशन गरिएको छ। प्रयोगात्मक प्रकृतिको यस व्याकरणमा काल र पक्ष, भाव, वाच्य, अकरणको ज्ञान तथा पदसङ्गति अन्तर्गत लिङ्गसङ्गति, वचनसङ्गति, पुरूष र आदरसङ्गतिलाई प्रयोगात्मक विधि अनुरूप चिनाउन खोजिएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका केही शिक्षण संस्थाहरूमा सोपाधिक अनुसन्धान प्रयोजनार्थ भाषा सिकाइ उपलब्धि सम्बन्धी केही अनुसन्धानहरू भएका भेटिन्छन् । उल्लिखित कार्यहरूमा विद्यालय प्रकृति (सामुदायिक र संस्थागत) लाई अनुसन्धेय चर मानेर अनुसन्धान गरिएको पाइदैन । अतः फरक विद्यालयको प्रकृति अनुसार भाषा सिकाइ उपलब्धि क्षमताको समग्र स्थिति परीक्षण नै यस अनुसन्धानको रिक्तताका रूपमा पहिचान गरिएको छ। यस रिक्ततालाई परिपुरण गर्न र सैद्धान्तिक र अवधारणात्मक ढाँचा निर्माणमा समेत निर्दिष्ट कार्यहरू उपयोगी र महत्त्वपूर्ण देखिन्छन् ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख तयार पार्दा निम्नानुसारको अध्ययन विधि र प्रक्रियालाई अवलम्वन गरिएको छ :

**परिमाणात्मक ढाँचा र स्थलगत अध्ययन विधि**: प्रस्तुत लेखमा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि एको छ। यसमा स्थलगत अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ।

**नमुना छनौट** : यस लेखमा बहुक्रमिक नमुना छनोट विधिको प्रयोग गरिएको छ। यस सन्दर्भमा पहिलो चरणमा प्रदेश (गण्डकी), दोस्रो चरणमा जिल्ला, तेस्रो चरणमा विद्यालय, चौथो चरणमा कक्षा र अन्तिममा विद्यार्थीलाई क्रमिक रूपमा छनोट गरिएको छ। यसमा लमजुङ र नवलपरासी जिल्लामा अवस्थित सामुदायिक र संस्थागत गरी जम्मा चार ओटा विद्यालयमा शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यसक्रममा लमजुङ जिल्लामा अवस्थित सर्वोदय माध्यमिक विद्यालय र फ्युचर स्टार विद्यालय तथा

नवलपरासी स्थित जनज्योति माध्यमिक विद्यालय र समता शिक्षा निकेतनबाट कक्षा ८ उत्तीर्ण गरी कक्षा ९ मा अध्ययनरत विद्याथीहरू मध्ये प्रत्येक विद्यालयबाट २०/२० जना विद्यार्थीहरूको प्रतिनिधित्व हुनेगरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

**प्राथमिक र द्वितीय स्रोतका सामग्री** : यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट सामग्री सङ्कलन गरि एको छ। कक्षा ९ मा अध्ययनरत जम्मा ८० जना विद्यार्थीमाथि प्रयोग गरिएका प्रश्नावलीबाट प्राप्त परिणामलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा लिइएको छ । निर्दिष्ट विषय सम्बद्ध अनुसन्धानमूलक कार्यहरू, व्याकरणका प्रकाशित पुस्तकहरू तथा पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

**निगमनात्मक र तथ्याङ्कशास्त्रीय विश्लेषण** : प्रस्तुत अध्ययनमा निगमन विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । माध्यमिक तह कक्षा ९ को पाठ्यक्रममा समाविष्ट कक्षागत सिकाइ उपलब्धिलाई मूल आधार मानी १६ पूर्णाङ्कको प्रश्नावली निर्माण गरी परीक्षण गरिएको छ। विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरी तुलनात्मक विश्लेषण गरिएको छ । यसक्रममा उच्च अङ्क, न्यून अङ्क र औसत अङ्कको तुलनात्मक विश्लेषण गरिएको छ ।

## परिसीमा

प्रस्तुत अध्ययन विद्यार्थीमा स्तरीकृत प्रश्नावलीको परीक्षण गरी भाषा सिकाइ उपलब्धिको पहिचान गर्नुमा केन्द्रित रहेको छ। यो लेख परिमाणात्मक ढाँचा र निगमन विधिमा सीमित रहेको छ। यसलाई चार ओटा विद्यालयका कूल ८० जना विद्यार्थीमा सीमित गरिएको छ। अध्ययनलाई पठनबोध, शब्दभण्डार, पदवर्ग, वाक्य रचना, वर्णविन्यास, सङ्गति शीर्षकमा विद्यार्थीहरूको भाषासिकाइ क्षमताको पहिचानमा मात्र परिसीमित गरिएको छ ।

## सैद्धान्तिक प्रतिमान

भाषा सिकाइ भाषाको बोधाभिव्यक्ति सीपको सिकाइ हो । यो भाषाको विशिष्ट प्रयोग तथा सम्पादनीय कला सिक्ने प्रक्रिया हो । भाषा सिकाइ विषयवस्तुको ग्रहणपश्चात् भाषिक व्यवहारमा आउने परिवर्तन हो । यो एक किसिमको मानसिक प्रक्रिया हो । यसले भाषिक बोध तथा अभिव्यक्ति क्षमताको विकासमा भूमिका खेल्दछ । कुनै पनि शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता भाषाका दुई प्रमुख पक्ष बोध र अभिव्यक्ति क्षमतामा भर पर्दछ (अधिकारी, २०६९, पृ. ३) । यसर्थ भाषा सिकाइमा खास विषयवस्तुका माध्यमबाट भाषाका बोध र अभिव्यक्ति पक्षको विकास गरिन्छ । भाषा सिकाइपश्चात् सिकारूले हासिल गरेका ज्ञान तथा सिप पक्षको परीक्षणका माध्यमबाट यसको समग्र उपलब्धि परीक्षण गरिन्छ । मूल्याङ्कननले मूलतः विद्यार्थीको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ), भाषिक संरचना र शब्दभण्डारको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ (माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८) । भाषा सिकाइ परीक्षण पनि मूलतः यिनै विषय क्षेत्रसँग सम्बन्धित हुन्छ ।

भाषा संरचना भाषाको नियमजन्य कथ्य लेख्य व्यवहार हो । यो भाषामा निहित संरचक घटकहरूको समुच्चय हो । भाषिक संरचनाको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गराउनु हो (माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८) । भाषा सिकाइले भाषालाई शुद्ध र स्पष्ट रूपमा बोल्न, पढ्न लेख्न, सिकाउँछ । भाषिक सीपमा दक्ष तुल्याउन सहयोग पुऱ्याउँछ । भाषा सिकाइ सिकारूको संज्ञानात्मक, प्रभावी तथा मनोक्रियात्मक क्षेत्रमा हुने अपेक्षित परिवर्तनसँग सम्बन्धित हुन्छ। भाषा सिकाइ मानवीय व्यवहारमा आउने सुधार हो। व्यवहारमा देखा पर्ने स्थायी परिवर्तन हो। भाषा सिकाइ खास उद्देश्यमा आधारित हुन्छ। यसको सिकाइपश्चात् सिकारूले आफ्ना अनुभवहरूलाई सङ्गठित गरेर परिस्थिति अनुरूप अभिव्यक्त गर्दछ । यस किसिमको सिकाइले सिकारूमा ज्ञानका साथै आदत तथा प्रवृत्तिको पनि विकास गराउँछ । यस क्रममा औपचारिक, अनौपचारिक, नियन्त्रित तथा स्वतन्त्र प्रक्रियाहरू घटित हुन्छ ।


भाषा सिकाइलाई सिकारूको आकाङ्क्षा, योग्यता, क्षमता, चाहना, इच्छा, आवश्यकता एवम् सक्रियताले निर्धारित

गरेको हुन्छ। त्यसो त सिकारूको उमेर, उत्प्रेरणा अभिरूचि, अभिवृद्धि, तत्परता, बुद्धि जस्ता मनोवैज्ञानिक तत्त्वहरूले पनि यसलाई प्रभावित, नियन्त्रित, तथा निर्धारित गरिरहेका हुन्छन् । वस्तुतः सिकारूको परिपक्वताले भाषा सिकाइ क्षेत्रको दायरालाई फराकिलो बनाएको हुन्छ । भाषा सिकाइमा उक्त विविध प्रक्रियाहरूको भूमिका हुन्छ । सिकारू हुर्कँदै जाने क्रममा विकासका विविध चरणहरू पार गर्दछ । त्यस्ता चरणहरू पार गर्दा बाह्य वातावरणसँग गर्ने अन्तरक्रियाको स्वरूप फरक फरक किसिमको हुन्छ । यस्तो विविधता एउटै उमेरका भिन्नभिन्न सिकारू तथा भिन्नभिन्न उमेरका भिन्नभिन्न सिकारूमा देखा पर्दछ ।

भाषा सिकाइ सन्दर्भपरक हुन्छ। भाषिक क्रियाकलापमा आधारित हुन्छ। यो मूलत : भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार भाषिक सिपमा आधारित हुन्छ। यसर्थ यसलाई भाषिक सिपपरक सिकाइका रूपमा हेरिन्छ। भाषा सिकाइमा विधागत पाठहरू  र त्यस पाठ अन्तर्गतका उच्चारण, अनुभव/घटना वर्णन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, भाव विस्तार, शब्दभण्डार, वर्णविन्यास, भाषातत्त्व आदि अभ्यासात्मक क्षेत्रहरू माध्यम बनेका हुन्छन् । यसरी विविध विषयसम्बद्ध विधागत पाठहरूबाटै सिकारूमा कुनै कुरोको स्मरण क्षमता, बोधगत क्षमता, प्रयोगगत क्षमता, वर्णनात्मक क्षमता, रचनात्मक क्षमता, सिर्जनात्मक क्षमता, आलोचनात्मक क्षमता, अनुमानात्मक क्षमताको विकास गराउने ध्येय राखिएको हुन्छ।

### अवधारणात्मक ढाचाँ

यस लेखमा अवधारणात्मक ढाँचाका लागि माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ नेपाली र त्यस अन्तर्गत समाविष्ट कक्षा नौको नेपाली विषयमा आधारित विशिष्टीकरण तालिकालाई  मूल आधार बनाइएको छ । अध्ययन विश्लेषणका लागि शैक्षणिक व्याकरण र अन्य व्याकरणका आधिकारिक पुस्तकहरू र कार्यमूलक व्याकरणिक अवधारणालाई आधार बनाइएको छ । प्रस्तुत लेख तयारीका क्रममा निम्नानुसारको अवधारणात्मक ढाँचालाई अवलम्वन गरिएको छ :




### भाषा सिकाइ उपलब्धिको विश्लेषण

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ अन्तर्गत नेपाली विषयको पाठ्यक्रममा विद्यार्थीहरूमा भाषासिकाइ पश्चात् सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न आन्तरिक र बाह्य मूल्याङ्कन प्रणाली समाविष्ट गरिएको छ । यस सन्दर्भमा बाह्य मूल्याङ्कन गर्दा क्रमशः शब्दभण्डार, वर्णविन्यास, भाषिक संरचना, पठनबोध,

निर्देशित रचना, व्यावहारिक लेखन, बुँदा टिपोट र सारांश लेखन, भावविस्तार, समीक्षात्मक उत्तर र निबन्ध लेखन जस्ता परीक्षणीय पक्षलाई समेट्नु पर्ने कुरा उल्लेख गरिएको छ । यसमा प्रत्येक भाषिक पक्षको परीक्षणका लागि खास अङ्क पनि छुट्याइएको छ । यसर्थ प्रस्तुत लेखमा विशेषतः ९ मा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि पहिचानका निमित्त पठनबोध, शब्दभण्डार, वाक्य रचना, वर्णविन्यास र भाषिक संरचनासँग सम्बन्धित रहेर परीक्षण गरिएको छ । यसक्रममा प्रस्तुत लेखमा विद्यार्थीहरूमा उक्त भाषापाठ्यक्रमले अपेक्षा गरे अनुरूपको भाषा सिकाइ उपलब्धि के कस्तो रहेको छ सो तथ्याङ्कलाई तल पृथकीकृत तथा समग्रीकृत तवरबाट तालिकीकरण गरी विश्लेषण गरिएको छ :

**पठनबोध क्षमता**

कुनै पनि लिखित अभिव्यक्ति पढेर, मौखिक अभिव्यक्ति श्रवण गरेर त्यसका बारेमा ज्ञान हासिल गर्नलाई बोध भनिन्छ । भाषा शिक्षण तथा सिकाइका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइलाई बोध भन्ने गरिन्छ (अधिकारी, २०६७, पृ.१७६) । अभिव्यक्तिका लागि बोध पूर्वआवश्यक सर्त ठानिएको छ । पठन कलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रीय तत्त्व पठनबोध हो (शर्मा र पौडेल, २०६८, पृ.१५१) । यस क्रममा लिखित सामग्रीलाई पढेर त्यसमा अभिव्यक्त भाव वा विचारलाई बोध गर्नु पठनबोध हो । यसको मुख्य प्रयोजन विषयवस्तुको ज्ञान गराउनु हो ।
पठन बोधले सस्वर पठन र मौन पठनलाई सङ्केत गर्दछ । यस सन्दर्भमा पठनबोध क्षमताको विकासमा मूलतः मौन पठन बढी उपयोगी ठहर्छ । त्यसो त सतही भन्दा गहन खालको पठनका लागि मौनपठनको भूमिका महत्त्वपूर्ण रहन्छ । कुनै लिखित सामग्रीमा अभिव्यक्त भावलाई पढेर त्यसको मूल कुरा बोध गर्न, पढेका कुराहरू बारे प्रतिक्रिया व्यक्त गर्ने क्षमताको विकास गर्न, पढाइप्रति रूचि बढाउन, स्वाध्ययन गर्ने बानीको विकास गर्ने लगायतका विविध सन्दर्भमा यसको उपयोगिता रहन्छ । पठनबोधलाई सामान्य पठनबोध र प्रयोजनपरक/विशिष्ट पठनबोधमा विभाजन गरिएको पाइन्छ । यस सन्दर्भमा ज्ञानको सामान्य क्षेत्र वा तहसँग सम्बन्धित बोध सामान्य पठनबोध हो । यस अन्तर्गत प्रयोग गरिने गद्यांश वा पाठ साधारण किसिमका र सोधिने प्रश्न प्रायः समान प्रकृतिका हुन्छन् । यसैगरी ज्ञानको विशिष्ट क्षेत्र वा तहसँग सम्बन्धित बोध प्रयोजनपरक /विशिष्ट पठनबोध हो । विशेषतः सञ्चार, प्रशासन, विज्ञान, कला, प्रविधि, वाणिज्य आदिसम्बद्ध विषय क्षेत्रलाई गद्यांशका रूपमा दिइन्छ भने त्यो विशिष्ट पठनबोध मानिन्छ । यस किसिमको बोधमा प्रश्नको प्रकृति विविधतामुखी हुन्छ भने बहुविकल्पमध्येबाट सर्वोपयुक्त विकल्प छानी उत्तर दिनुपर्ने हुन्छ ।
वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम र त्यस अन्तर्गत समाविष्ट विशिष्टीकरण तालिकामा पठनबोध भाषिक संरचना पहिचान र बोध प्रश्नोत्तरको परीक्षण गर्न निर्देश गरिएको छ । यसर्थ प्रस्तुत अध्ययनमा पठनबोध अन्तर्गत अन्तर्गत जम्मा ४ पूर्णाङ्कमा विद्यार्थीहरूको बोध प्रश्नोत्तर क्षमताको परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. १:**

पढनबोध क्षमताको स्थिति

| पूर्णाङ्क | ४ |
|---|---|
| प्राप्ताङ्कको कूल योग | २४६.५ |
| औसत अङ्क | ३.०८१ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ४ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. १ मा प्रस्तुत तथ्याङ्कका अनुसार विद्यार्थीहरूको पठनबोध क्षमता परीक्षणका लागि जम्मा ४ अङ्कको प्रश्नमा चार विद्यालयका ८० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग २४६.५ देखिन्छ । यस्तै औसत अङ्क हेर्दा ३.०८१ रहेको छ । चार पूर्णाङ्कमा सबै भन्दा बढी अङ्क प्राप्त गर्नेले ४ र सबैभन्दा कम अङ्क प्राप्त गर्ने ले शून्य ल्याएको देखिन्छ । यसर्थ उच्च अङ्क र न्यून अङ्कका बीच अन्तर बढी रहेको पाइन्छ । तालिकालाई

हेर्दा औषत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशतभन्दा बढी रहेको छ। यसरी औषतको निकट रहेकाले विद्यार्थीहरूको पठनबोध क्षमता मध्यम रहेको देखिन्छ।

### शब्दभण्डार क्षमता

शब्द भाषाको स्वतन्त्र र अर्थपूर्ण एकाइ हो। भाषाको बोध तथा अभिव्यक्ति प्रक्रियामा यसको महत्त्वपूर्ण भूमिका र हन्छ। शब्दभण्डार विविध शब्दको ढुकुटी हो। भाषाको व्यवस्था हो। शब्दभण्डार कुनै पनि भाषामा रहेका समग्र शब्दहरूको कोश वा सङ्ग्रह हो (लम्साल, २०७७, पृ.५६)। प्रज्ञा नेपाली सन्दर्भ व्याकरणका अनुसार कुनै भाषामा पाइने र प्रयुक्त हुने यावत् शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ (२०७१, पृ.१०७)। हरेक भाषामा पाइने शब्दभण्डारले सिकारूमा भाषिक क्षमता अभिवृद्धि गर्नमा अहम् भूमिका खेल्दछ। शब्दभण्डारभित्र मूल र व्युत्पन्न शब्दहरू, तत्सम, तद्भव र आगन्तुक शब्दहरू, नाम, सर्वनाम, विशेषण, क्रियायोगी जस्ता शब्दहरू पर्दछन्। यसै गरी पर्यायवाची, विपरीतार्थक, अनेकार्थक, श्रुतिसमभिन्नार्थक, पारिभाषिक तथा प्राविधिक शब्दहरू, लघुतावाची शब्दहरू, कोशीय र व्याकरणिक शब्दहरू, उखान टुक्काहरू आदि पर्दछन्। माध्यमिक तहको पाठ्यक्रमले शब्दभण्डार अन्तर्गत विशेषतः शब्दका विभिन्न अर्थ सम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिनु पर्ने कुरा उल्लेख गरिएको छ।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम र त्यस अन्तर्गत समाविष्ट विशिष्टीकरण तालिकामा शब्दभण्डार अन्तर्गत शब्दार्थ, शब्द पहिचान र वाक्य रचनाको परीक्षण गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। प्रस्तुत अध्ययनमा शब्दभण्डार अन्तर्गत पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्द पहिचानको परीक्षण गरिएको छ, जम्मा २ पूर्णाङ्कको प्रश्न तयार पारी  विद्यार्थीहरूमो परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. २:**

शब्दभण्डार क्षमताको स्थिति

| पूर्णाङ्क | २ |
|---|---|
| प्राप्ताङ्कको कूल योग | ११० |
| औसत अङ्क | १.३७५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | २ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. २ मा प्रस्तुत भए अनुसार शब्दभण्डार क्षमता सम्बन्धी दुई पूर्णाङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग ११० देखिन्छ। तालिकामा प्राप्ताङ्कको औसत अङ्क १.३५७ देखिन्छ। यसमा सबैभन्दा बढी अङ्क २ र कम अङ्क शून्य देखिन्छ। यसमा पनि विद्यार्थीहरूको उच्च अङ्क र न्यून अङ्कका बीच अन्तर बढी रहेको पाइन्छ। यहाँ औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम रहेको पाइएको छ। यसर्थ विद्यार्थीहरूको शब्दभण्डार क्षमता तुलनात्मक रूपमा कमजोर देखिन्छ।

### वाक्य रचना क्षमता

वाक्य उपवाक्यभन्दा माथिल्लो स्वतन्त्र र अर्थपूर्ण भाषिक एकाइ हो। उपवाक्यभन्दा ठुलो वा माथिल्लो व्याकरणात्मक संरचना वा एकाइलाई वाक्य भनिन्छ (शर्मा, २०७१, पृ. २९१)। .न्यूनतम एउटा उद्देश्य र एउटा विधेय भएको भाषिक संरचना वाक्य हो (पौडेल, भट्टराई र चौलागाईं, २०७७, पृ.१८८)। वाक्य रचना भाषामा नयाँ नयाँ वाक्य निमार्ण गर्ने कार्य हो। यो विद्यार्थी केन्द्रित क्रियाकलाप हो। यो भाषाको भाषाको पहिचान र उत्पादन/प्रयोग मध्ये प्रयोग पक्षसँग सम्बन्धित हुन्छ। विशेषतः खास खास सार्थक शब्दहरू प्रयोग गरी वाक्य निर्माण गरिन्छ। नेपाली भाषाको शुद्ध एवम् स्तरीय वाक्य रचना सम्बन्धी सिप सिकेर भाषिक परिष्कार र समृद्धि प्राप्त गर्न मदत पुर्‍याउन वाक्य रचना शिक्षण आवश्यक देखिन्छ (शर्मा र पौडेल, २०६८, पृ.२१२)। वाक्य भाषाको सबैभन्दा ठुला व्याकरणिक एकाइ हो। सार्थक संरचना भेटिन्छ। रचनाक्रमका दृष्टिले यसलाई विभिन्न पदहरूको क्रमिक संयोजनबाट निर्मित भाषिक एकाइका रूपमा लिइन्छ। यसलाई उपवाक्यभन्दा ठुला र अनुच्छेदभन्दा सानो एकाइका रूपमा लिइन्छ।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम र त्यस अन्तर्गत समाविष्ट विशिष्टीकरण तालिकामा उखान, टुक्का, अनुकरणात्मक शब्द, प्राविधिक/पारिभाषिक र निपातमध्ये बाट वाक्य रचनाको परीक्षण गर्नु पर्ने कुरालाई समाविष्ट गरिएको छ। तसर्थ प्रस्तुत अध्ययनमा जम्मा २ पूर्णाङ्कमा एउटा टुक्का र एउटा पारिभाषिक शब्द दिई वाक्य रचना गर्न लगाइएकोमा विद्यार्थीहरूको वाक्य रचना सम्बन्धी क्षमतामा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. ३:**

वाक्य रचना क्षमताको स्थिति

| | |
|---|---|
| पूर्णाङ्क | २ |
| प्राप्ताङ्कको कूल योग | ११५.५ |
| औसत अङ्क | १.४४३ |
| सबैभन्दा बढी प्राप्ताङ्क | २ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. ३ लाई अध्ययन गर्दा विद्यार्थीहरूको वाक्य रचना क्षमता परीक्षणका लागि दुई पूर्णाङ्कमा ८० जना विद्यार्थीहरूमाथि परीक्षण गर्दा त्यसको कुल योग ११५.५ देखिन्छ। यसैगरी विद्यार्थीहरूको औसत अङ्क १.४४३ देखिन्छ। वाक्य रचना क्षमता परीक्षणमा सबैभन्दा बढी अङ्क २ र कम अङ्क शून्य देखिन्छ। यहाँ औषत अङ्क ठीक देखिन्छ तर उच्च अङ्क र न्यून अङ्कका बीच अन्तर बढी रहेको पाइन्छ।

**वर्णविन्यास क्षमता**

वर्णविन्यास वर्णहरूको उचित रखाइक्रम हो। वर्णहरूको उपयुक्त प्रयोग हो। यसलाई नेपाली वृहत् शब्दकोश (२०६९, पृ.११३२) मा वर्णहरूको व्यवस्थित रखाइका रूपमा चिनाइएको छ। भाषाका कथ्य र लेख्य गरी मूलत : दुई रूप हुन्छन्। यसक्रममा वर्णविन्यास विशेषत :लेखाइ सिपसँग सम्बन्धित हुन्छ। वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित प्रक्रिया हो र लेख्य भाषामा प्रयोग हुने शुद्ध, स्पष्ट र स्तरयुक्त लिपि स्वरूप हो (शर्मा र पौडेल, २०६८, पृ.१८८)। ह्रस्व-दीर्घ, श, ष, स को प्रयोग, ब-व, व-ओ, य-ए, क्ष-छ्य, ज्ञ-ग्य, ऋ-रि, चन्द्रविन्दु-शिरविन्दु, पदयोग -वियोग, हलन्त-अजन्त, विभिन्न लेख्य चिन्हको प्रयोग वर्णविन्यासका मूल क्षेत्र हुन्। भाषिक शुद्धतामा यसको विशेष भूमिका रहन्छ।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम र त्यस अन्तर्गत समाविष्ट विशिष्टीकरण तालिकामा वर्णविन्यास अन्तर्गत शुद्ध शब्द पहिचान र वाक्य सम्पादनको परीक्षण गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। प्रस्तुत अध्ययनमा वाक्य सम्पादन अन्तर्गत जम्मा २ पूर्णाङ्कमा विद्यार्थीहरूको वर्णविन्यास प्रयोग क्षमताको परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. ४:**

वर्णविन्यास क्षमताको स्थिति

| | |
|---|---|
| पूर्णाङ्क | २ |
| प्राप्ताङ्कको कूल योग | २८.५ |
| औसत अङ्क | ०.३५६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | २ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. ४ मा उल्लेख भए अनुसार विद्यार्थीहरूमा वर्णविन्यास क्षमता परीक्षणका लागि जम्मा दुई अङ्कको प्रश्न सोधिएको थियो। उक्त परीक्षणमा ८० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग २८.५ देखिन्छ। तालिका

अनुसार यसमा औसत अङ्क ०.३६५ रहेको देखिन्छ। यसैगरी सबैभन्दा बढी अङ्क ३ र कम अङ्क १ रहेको छ। अन्य भाषिक पक्षमा जस्तै यसमा पनि विद्यार्थीहरूको उच्च अङ्क र न्यून अङ्कका बीच अन्तर बढी रहेको पाइन्छ। यसैगरी विद्यार्थीहरूको औषत अङ्कलाई दृष्टिगत गर्दा शब्दभण्डार क्षमता कमजोर देखिन्छ।

## पदवर्ग पहिचान क्षमता

स्वतन्त्र अर्थ दिन र प्रयोगमा आउन सक्ने भाषिक एकाइलाई शब्द भनिन्छ। यो व्याकरणिक दृष्टिकोणले रूपभन्दा माथिल्लो र पदभन्दा तल्लो एकाइ हो। शब्दहरू विभिन्न वर्गका हुन्छन्। यिनीहरूको वर्गीकरण अर्थ, रूप र कार्यका आधारमा गर्न सकिन्छ (अधिकारी, २०७६, पृ. २२)। कार्यका आधारमा शब्दवर्गलाई विशेषत : नौ प्रकारमा विभाजन गरिएको पाइन्छ। जसमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन्।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम र त्यस अन्तर्गत समाविष्ट विशिष्टीकरण तालिकामा पदवर्ग पहिचानका लागि बढीमा दुई वाक्य दिएर पदवर्ग पहचान गराउन लगाउन निर्देश गरिएको छ।  अतः प्रस्तुत लेखमा पदवर्ग पहिचान क्षमताको परीक्षणका निमित्त जम्मा ३ पूर्णाङ्कमा विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमताको परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. ५:**

पदवर्ग पहिचान क्षमताको स्थिति

| पूर्णाङ्क | ३ |
|---|---|
| प्राप्ताङ्कको कूल योग | १६४.५ |
| औसत अङ्क | २.०५६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. ५ अध्ययन गर्दा विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमता परीक्षणका लागि लिइएको तीन अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरूले प्राप्त गरेको कुल योग १६४.५ देखिन्छ। यसमा प्राप्ताङ्कको औसत अङ्क २.०५६ रहेको देखिन्छ। तालिकामा सबै भन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको छ। तालिकामा औषत अङ्क २.०५६ हुनुले पूर्णाङ्कको ५० प्रतिशतभन्दा माथि रहेको जनाएको छ। यसकारण विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमता ठिकै देखिन्छ।

## पदसङ्गति मिलान क्षमता

कुनै पनि वाक्यमा लिङ्ग, वचन, पुरूष र आदरका आधारमा गराइने मेल पदसङ्गति हो । अधिकारी (२०७६, पृ.८३) का अनुसार वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपायनिक मेल वा अनुकूलनलाई सङ्गति भनिन्छ। वाक्य संरचनामा आउने नाम, सर्वनाम, विशेषण र क्रियापदका बिच लिङ्ग, वचन, पुरूष र आदरका आधारमा मेल गर्नु पदसङ्गति हो। नेपाली भाषामा हेर्दा मूलतः उद्देश्य र विधेय, नाम र सर्वनाम, विशेष्य  र विशेषण, भेद्य र भेदक तथा नाम र कोटिकारका बीचमा सङ्गति भेटिन्छ। पोखरेल (२०५६) का अनुसार नेपालीमा १४ प्रकारको पदसङ्गति पाइएको छ (पृ.७३)।

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रममा भाषिक संरचना अन्तर्गत लिङेग, वचन, पुरूष र आदरका आधारमा एक प्रश्न वाक्यान्तरणसँग सम्बन्धित पक्षको परीक्षण गर्न निर्देशन दिइएको छ। प्रस्तुत लेखमा लिङ्ग, वचन, आदरका आधारमा वाक्यमा सङ्गति मिलाउनका निमत्त जम्मा ३ पूर्णाङ्कमा विद्यार्थीहरूको सिकाइ क्षमताको परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको छ :

**तालिका नं. ६:**

सङ्गति मिलान क्षमताको स्थिति

| | |
|---|---|
| पूर्णाङ्क | ३ |
| प्राप्ताङ्कको कूल योग | १८० |
| औसत अङ्क | २.२५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

विद्यार्थीहरूलाई सङ्गति मिलाई लेख्न जम्मा ३ अङ्कको प्रश्न दिइएको थियो । माथि तालिका नं. ६ मा उल्लेख भए अनुसार ८० जना विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको कुल योग १८० देखिन्छ । तालिकामा प्राप्ताङ्कको औसत अङ्क २.२५ रहेको देखिन्छ । यस्तै सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको पाइएको छ । यस प्रश्नमा विद्यार्थीको औसत अङ्क पूर्णाङ्कको ५० प्रतिशत भन्दा बढी रहेको छ । तथापि सबैभन्दा बढी अङ्क र कम अङ्कका बीचको अङ्कमा भने धेरै अन्तर देखिन्छ ।

## भाषा सिकाइ उपलब्धिको समग्र स्थिति

यस अध्ययनमा लमजुङ र नवलपरासीका चार फरक विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी १६ पूर्णाङ्कको परीक्षणमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अङ्क, सबैभन्दा बढी र सबैभन्दा कम प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७** :

भाषा सिकाइ उपलब्धिको समग्र स्थिति

| | |
|---|---|
| कूल पूर्णाङ्क | १६ |
| प्राप्ताङ्कको कूल योग | ८४५ |
| औसत अङ्क | १०.५६२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | १५.५ |
| सबैभन्दा कम प्राप्ताङ्क | ३ |
| **जम्मा विद्यार्थी सङ्ख्या** | **८०** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७९**

तालिका नं. ७ मा उल्लेख भए अनुसार १६ पूर्णाङ्कको परीक्षामा ८० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ८४५ देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क १०.५६२ देखिन्छ । यसमा जम्मा १६ पूर्णाङ्को परीक्षणमा उच्च अङ्क १५.५ र न्यून अङ्क ३ देखिन्छ । विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि क्षमता परीक्षण गर्दा एक जनाले सबैभन्दा कम ३ अङ्क ल्याएको छ । सबैभन्दा बढी ल्याउनेमा एक जना विद्यार्थीले १५.५ अङ्क ल्याए पनि माथिको औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा बढी रहेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा माध्यमिक तह अन्तर्गत कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धिको परीक्षण गरी विश्लेषण गरिएको छ । यस सन्दर्भमा मूलतः नेपाली विषयको पाठ्यक्रमलाई आधार मानेर पठनबोध, शब्दभण्डार, वाक्यरचना, वर्णविन्यास, पदवर्ग र पदसङ्गति क्षमतासँग सम्बन्धित रही विद्यार्थीहरूको भाषा भाषा सिकाइ क्षमताको परीक्षण गरिएको छ । उक्त विषय क्षेत्रमा विद्यार्थीहरूमा पाठ्यक्रम अपेक्षित कुराहरूको विकास भए नभएको परीक्षण गर्दा विद्यार्थीहरूको शुद्ध गरी पुनर्लेखन गर्ने क्षमता अत्यन्त कमजोर (औषत अङ्क ०.३६) रहेको पाइएको छ । यसैगरी शब्दभण्डार, वाक्य रचना, पठनबोध र पदसङ्गति प्रयोग क्षमता मध्यम रहेको

पाइएको छ । जम्मा १६ पूर्णाङ्कमा एक जना विद्यार्थीले १५.५ अङ्क प्राप्त गरेको देखिन्छ । यसैगरी एक जनाले १५ र औषत विद्यार्थीहरूले १० देखि १४.५ का बिचको प्राप्ताङ्क र २६ जना विद्यार्थीले सोभन्दा कम प्राप्ताङ्क ल्याएको पाइएको छ । एक जनाले सबैभन्दा कम ३ अङ्क प्राप्त गरेको पाइएको छ । यस परीक्षणमा २ पूर्णाङ्कको वर्णविन्यास क्षमतामा ४४ जनाले शून्य अङ्क ल्याएका छन् । अतः अन्य क्षेत्रका तुलनामा विद्यार्थीहरूको वर्णविन्यास क्षमता अत्यन्त कमजोर पाइएको छ । अन्यमा भने मध्यम खालको नतिजा पाइएको छ । समग्र नतिजाका आधारमा विश्लेषण गर्दा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध तथा व्याकरणिक तत्त्व पहिचान तथा प्रयोग क्षमता मध्यम रहेको देखिन्छ ।

*(**श्री महेश प्रसाद भट्ट,** त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी भक्तपुरमा प्राध्यापनरत हुनुहुन्छ । त्रि.वि. बाट विद्यावारिधि शोधरत गरिरिहनु भएका भट्टका विभिन्न जर्नलहरुमा थुप्रै अनुसन्धानमूलक लेखहरु प्रकाशित छन् ।)*

*(**श्री कृष्ण प्रसाद पोखरेल,** नेपाल संस्कृत विश्वविद्यालयमा विद्यावारिधि शोधरत हुनुहुन्छ । शिक्षण सम्बन्धी लामोस अनुभव हासिल गर्नु भएका पोखरेलका विभिन्न जर्नलमा थुप्रै अनुसन्धानमूलक लेखहरु प्रकाशित छन् । )*

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७) *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति (पाचौँ सं.)* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७६), *समसामयिक नेपाली व्याकरण (सातौ सं.),* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कक्षा ९ को परिमार्जित पाठ्यक्रम, २०७८ मा *आधारित विशिष्टीकरण तालिका (२०७८)* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

ढकाल र खतिवडा (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन ।

पोखरेल, कृष्णप्रसाद (२०७५), प*ढाइ सीपका परीक्षणीय क्षेत्र र प्रयोगात्मक मापक, इन्नोभेटिभ एजुकेसन, (*वर्ष-२, अङ्क-२, पृ.२०-२९) ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (सम्पा), (२०६९), *नेपाली बृहत् शब्दकोश (आठौं सं.),* काडमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाडौं : एकता बुक्स ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौ : विद्यार्थी प्रकाशन प्रा.ली. ।

पौडेल, हेमनाथ, भट्टराई, रमेशप्रसाद र चौलागाईं प्रेमप्रसाद (२०७७), *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण,* काठमाडौं :नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्ट, महेशप्रसाद र पोखरेल, कृष्ण प्रसाद (२०७८), *आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमता,* जर्नल अफ दुर्गालक्ष्मी (वर्ष-१, अङ्क-१, पृ.१३९-१५०) ।

*माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम,* नेपाली (२०७८), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

लम्साल, रामचन्द्र (२०७७), *भाषिक विधा शिक्षण,* काठमाडौ : सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज (२०६१), *शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य,* काठमाडौं : काठमाडौं बुक सेन्टर ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।